# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वाराप्रकाशित

खण्ड २) मुसिकोट,गुल्मी,असार५ गते,२०७५ साल(संख्याः१

# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## मुसिकोट नगरपालिका टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७६

स्थानीय शिक्षा ऐन, २०७४ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगर कार्यपालिकाले बनाएको देहाय वमोजिमको नियमावली स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मुसिकोट नगरपालिका टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७६

कार्यपालिकाबाट पारित २०७६/०१/२५

प्रस्तावनाः

सामुदायिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास, स्थानीयस्तरमा सुशासन प्रवद्र्धन गर्न नगरपालिकाको सहरी बस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहने गरी स्थानीय श्रोत, साधन र जनशक्तिको उपयोग गरी जीवनस्तर उकास्ने साथै आफ्नो ठाउँको समस्याहरुको समाधान आफूबाटै समाधान गर्ने र आफूबाट समाधान गर्न नसकेमा सम्बन्धित निकायसम्म आफ्ना समस्या पु¥याई समाधान गर्न सक्ने सक्षम नागरिक बनाउने अभिप्रायले टोल विकास संस्था गठन गर्न आवश्यक देखिएकोले स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगीको रुपमा रहने गरी गठन गरिएका टोल विकास संस्था र सो संस्थाको कामलाई व्यवस्थित गर्न साथै मुसिकोट नगरपालिकावाट सञ्चालन गरेका विकास निर्माणका काम तथा सेवा प्रवाहमा थप सहयोग पुगोस् र सेवाग्राहीले सहज सेवा प्राप्त गरी सुशासनको अनुभूति गरुन् भन्ने उद्देश्यले मुसिकोट नगर कार्यपालिकाले यो कार्यविधि बनाई स्वीकृत गरी लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ ः (१) यस कार्यविधिको नाम मुसिकोट नगरपालिकाको टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७६ रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषा ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा ः

(क) “टोल विकास संस्था” भन्नाले कुनै निश्चित टोल समुदायको सबै घरधुरीहरुलाई समेटेर गठन गरिएको संस्थालाई सम्झनुपर्छ ।

(ख) “नगरपालिका” भन्नाले म'सिकोट नगरपालिकालाई सम्झनुपर्छ ।

(ग) “वडा कार्यालय” भन्नाले म'सिकोट नगरपालिकाको वडा कार्यालयलाई सम्झनुपर्छ

(घ) “कार्यविधि” भन्नाले टोल विकास संस्था सञ्चालन कार्यविधिलाई सम्झनुपर्छ ।

(ङ) “कार्य समिति” भन्नाले यस संस्थाको कार्य समितिलाई सम्झनु पर्छ ।

(च) “अध्यक्ष” भन्नाले संस्थाको अध्यक्षलाई सम्झनु पर्छ ।

(छ) “उपाध्यक्ष” भन्नाले संस्थाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(ज) “सचिव” भन्नाले संस्थाको सचिवलाई सम्झनु पर्दछ ।

(झ) “कोषाध्यक्ष”भन्नाले संस्थाको कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

(ञ) "सदस्य" भन्नाले टोल संस्थाको सदस्यलाई सम्झुपर्छ र सो शब्दले टोल क्षेत्रभित्र वसोवास गर्ने घरमूली वा घरको प्रतिनिधित्व गरी टोलविकास संस्थामा आवद्ध हुने सम्पूर्ण घरधुरीलाई समेत सम्झनु पर्दछ ।
(ट) "पदाधिकारी" भन्नाले संस्थाको कार्यसमितिका सबैसदस्यहरुलाई सम्झनु पर्दछ
(ठ) "सभा" भन्नाले प्रत्येक वर्षमा हुने साधारण सभालाई सम्झनुर्छ र यसले समय समयमा हुने विशेष साधारण सभालाई समेत सम्झनु पर्दछ ।
(ड) "उप समिति" भन्नाले कार्यविधि बमोजिम गठन भएका विभिन्न उपसमितिहरुलाई सम्झनुपर्छ ।
३. टोल विकास संस्था गठन गरिने स्थान ः (क) नगरपालिका क्षेत्रभित्रको विभिन्न टोलहरुमा सबै घरपरिवार समेटिने गरी टोल विकास संस्था गठन गरिनेछ
(ख) नगरपालिकाले आवश्यक ठानेमा कुनै पनि वडाको कुनै पनि क्षेत्रमा विशेष टोल विकास संस्था गठन गर्न सक्नेछ ।
४.टोल विकास संस्थाको कार्यक्षेत्र र सिमाना ः क) कुनै पनि टोल विकास संस्थाको कार्य क्षेत्र र सिमाना नगरपालिकाले तोकेको सिमाना अनुसार हुनेछ ।
ख) टोल विकास संस्थाको क्षेत्रफल ठुलो वा धेरै घर संख्या भएमा भौगोलिक, धार्मिक, सॉस्कृतिक आदिलाई आधार मानी एउटा वा एकभन्दा बढी टोल विकास संस्था गठन गर्न सकिने छ ।
५. टोल विकास संस्थाको कार्य ः:टोल विकास संस्थाको कार्यक्षेत्र निम्न अनुसार रहनेछ
क) भौतिक पूर्वाधार विकास कार्य
१. सडक तथा ढल प्रणालीलाई व्यवस्थित गर्ने ।
२. सडक तथा गल्ली बाटोहरुको सुधार कार्यहरु गर्ने ।
३. चर्पी, फोहोरमैला व्यवस्थापन प्रणाली सुधार कार्य गर्ने ।
४. खानेपानी तथा सरसफाई प्रणालीको विस्तार र स्तर उन्नतिको कार्य गर्ने ।
५. सामुदायिक भवन लगायतका आधारभूत भैतिक पूर्वाधार विकास कार्य गर्ने ।
६. टोलको भौतिक पूर्वाधारका विकास निर्माण कार्यमा सकृयताका साथ एक जुट हुने ।
७. नगरपालिकाको भौतिक पूर्वाधार सम्बन्धी नीति, कार्यक्रम र योजनाहरुलाई कार्यान्वयन गर्न सहयोग गर्ने ।
ख) सामाजिक कार्य
१. स्वास्थ्य तथा वातावरणीय सरसफाई आदि सम्बन्धित विषयमा जनचेतना अभिवृद्धि गर्ने ।
२. टोलमा रहेको विपन्नहरुको पहिचान गरी उनीहरुलाई स्वरोजगार र आयमूलक तालिम प्रदान गर्ने ।
३. टोलको विपन्न तथा वञ्चितीमा परेका टोलबासीहरुको क्षमता अभिवृद्धि गर्ने ।

मुसिकोट राजपत्र

४. लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा जोड दिने ।

५. टोलमा रहेका विकृतिहरुको पहिचान गर्ने र सोको उन्मूलनका कार्यक्रमहरु सञ्चालन गर्ने ।

६. टोल स्तरमा शिक्षा, स्वास्थ्य र पर्यटनका कार्यक्रमहरु सञ्चालन गर्ने ।

७. नगरपालिकाको सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न सहयोग गर्ने ।

ग) अन्य विविध कार्य

१. टोल तथा वस्तीस्तरमा बिभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलबासीको पहुँच अभिवृद्धि गर्ने ।

२. टोलबासीहरुमा उद्यमशीलताको विकास गराई टोलस्तरमा लघु उद्यमको सिर्जना, विकास र प्रवद्र्धन गर्ने ।

३. टोलमा समानता, समता, सद्भाव, समझदारी, समन्वय र मेलमिलापको माध्यमबाट शान्ति कायम गराउने ।

४. आर्थिक, सामाजिक सवालमा सबै टोलबासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर, अधिकार प्रदान गर्ने ।

५. टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिने ।

६. टोलमा विभिन्न निकायहरुबाट सञ्चालन हुने विकास कार्यमा सहयोग गर्ने ।

७. टोलको लागि नगरस्तरीय तथा वडास्तरीय योजना छनौट प्रकृयामा टोलबासीहरुलाई सहभागी गराउने ।

८. टोलका सदस्यहरुमा गरिवीलाई निश्चित आधारमा वर्गीकरण गरी तिनीहरुको अभिलेख तयार गर्ने

६. गठन विधिः वडा समितिका पदाधिकारीको रोहबरमा टोल विकास संस्थाको गठन देहाय बमोजिम हुनेछ ः

१. नगरपालिका क्षेत्र भित्रका वस्तीहरुको निश्चत भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

२. पहिलो पटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट टोल विकास समितिको कामलाई व्यवस्थित गर्न अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्याहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ । तर दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पुनर्गठन हुनेछ ।

३. टोल विकास कार्य समितिको अवधि २ वर्षको हुनेछ । एक पटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति दुई कार्यकाल भन्दा बढि पुनः सोही पदमा लगतै नियुक्त हुने छैन ।

४. टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक सदस्यको रुपमा समेटनुपर्दछ । सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ ।

५. महिला, दलित, अपाङ्ग, अल्पसंख्यक, विपन्न, एकल महिला आदिको सहभागिता हुनेगरी लैंगिक समानता र सामाजिक समावेशीकरणमा जोड दिईने हरेक क्षेत्रबाट प्रतिनिधित्व हुने गरी कार्यसमिति गठन गर्नुपर्नेछ ।

६. कार्यसमितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये एक जना अनिवार्य महिला हुनु पर्नेछ साथै कार्यसमितिमा कम्तीमा ३३ प्रतिशत महिला अनिवार्य समावेश भएको हुनुपर्नेछ ।

७. टोल विकास संस्थाको कार्यसमितिको पदाधिकारीहरुको संख्या

(१) अध्यक्ष १

(२) उपाध्यक्ष १

(३) कोषाध्यक्ष १

(४) सचिव १

(५) सदस्य आवश्यकता अनुसार ७ देखि बढीमा ११ जना सम्म

८. दर्ता÷सूचिकृतः टोल विकास संस्थाको दर्ता ÷सूचिकृत देहाय बमोजिम हुनेछ ।

१. टोल विकास संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई मुसिकोट नगरपालिकामा दर्ता वा सूचिकृतका लागि निवेदन पेश गर्नु पर्नेछ । निवेदन साथ उक्त टोल विकास संस्थामा आबद्ध सदस्य हरुको नामावली समेत पेश गर्नु पर्ने छ । नगरपालिकामा पेश गर्ने निवेदनको ढाँचा अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ ।

२. उपदफा १ अनुसार निवेदन प्राप्त भएपछि नगरपालिकाले टोल विकास संस्था दर्ता गरी प्रमाण पत्र प्रदान गर्नु पर्ने छ । त्यसरी प्रदान गरिने प्रमाण पत्रको नमुना अनुसूची २ मा उल्लेख भए बमोजिम हुनेछ ।

३. टोल विकास संस्थाले यस कार्यविधि बमोजिमका उद्देश्य विपरीत कुनै काम गरेमा वा प्रचलित कानून विपरीतका काम गर्न खोजेमा कानून बमोजिम नगरपालिकाले खारेज गर्न सक्ने छ । दर्ता खारेज भएपछि सो स्थानमा नयाँ टोल विकास संस्था गठन हुनेछ ।

९. टोल विकास संस्थाको अधिकार र कर्तव्यः टोल विकास संस्थाले आफनो टोल क्षेत्रको समग्र विकास र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछ

१. टोलमा जुनसुकै प्रकारका भेदभावको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने,

२. सरकारी एवम् गैर सरकारी निकायहरुसँग सुमधुर सम्बन्ध स्थापित गरी टोलको विकासको लागि सहजीकरण गर्ने,

३. टोलमा उद्यम विकाससँग सम्बन्धित योजनाहरु सञ्चालन गर्न आवश्यक सहजीकरण गर्ने,
४. टोलको विकासका लागि विभिन्न स्रोतबाट प्राप्त स्रोतको उच्चतम्सदुपयोग गर्ने,
५. टोलको सामूहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल विकास योजना तर्जुमा गर्ने,
६. समाजमा रहेका विद्यमान परामपरागत सामाजिक संस्कार र कुरीतिहरुको पहिचान गरी त्यस्ता असामाजिक क्रियाकलापको नियमन र नियन्त्रण गर्ने र त्यसका विरुद्ध जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,
७. टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क अद्यावधि गर्न सूचना अभिलेख राख्ने ,
८. सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरुको पहिचान गरी वडामा सिफारिस गर्ने,
९. टोलमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुवाट प्राप्त योजनाहरुको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,
१०. टोलमा विभिन्न सरकारी तथा गैरसरकारी संस्था मार्फत प्राप्त हुने कार्यक्रमहरु टोल विकास संस्था मार्फत सञ्चालन हुने वातावरण सिर्जना गर्ने ,
११. आफ्नो वडा तथा टोललाई बाल मैत्री तथा वातावरणमैत्री वनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,
१२. टोलमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता आदि सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ,
१३. टोलमा रहेका सार्वजनिक, पर्ति, ऐलानी आदि जग्गाको संरक्षणमा वडा कार्यालयलाई सहयोग गर्ने,
१४.नगरपालिकाको राजस्व परिचालनका लागि सहयोग प्रदान गर्ने ,
१५ संस्थामा प्राप्त रकमको संस्थाको नीति बमोजिम रकम खर्च गर्ने, लेखा राख्ने र लेखापरीक्षण गराउने,
१६. वडा कार्यालयसँग भएको समझदारी अनुसारका अन्य कार्यहरु ।
१०. टोल विकास संस्थाको कार्य समितिको बैठकः टोल विकास संस्थाको कार्य समितिको बैठक व्यवस्थापन देहाय वमोजिम हुनेछ ः
१. टोल विकास संस्थाको कार्य समितिको बैठक महिनामा कम्तीमा १ पटक बस्नेछ ।
२. समितिको बैठकमा नगरपालिका र वडाका प्रतिनिधिहरु लगायत अन्य सरोकारवालाहरु लाई आमन्त्रित गर्न सकिनेछ
३. सचिवले संस्थाको बैठकको निर्णयहरु बैठक पुस्तिकामा लेखी प्रमाणित गराउनु पर्नेछ ।
४. बैठकवाट कुनै निर्णय गर्दा सकेसम्म सर्व सम्मत गर्नु पर्नेछ ।

११. टोल विकास संस्थाका कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार ः टोल विकास संस्थाका कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

क) अध्यक्षको काम, कर्तव्य र अधिकार ः

१. संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने।

२. बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने।

३. बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफल विषयहरु टिपोट गर्ने वा गर्न लगाउने।

४. छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने।

५. विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने।

६. संस्थाले आर्जन प्रप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने।

७. विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने।

८. कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने।

ख) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार

१. अध्यक्षको आदेश अनुसार बैठक बोलाउने।

२. एकतिहाइ सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने।

३. छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने।

४. संस्थाको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने।

५ तोकिएका अन्य कार्य गर्ने।

ग) संस्थाको कोषध्यक्षको काम, कर्तव्य र अधिकार

१. संस्थाको आम्दानी र खर्चको विवरण राख्ने।

२. खर्चको लेखापरीक्षण गराउने।

३. बैंकमा खाता सञ्चालन गर्दा संयुक्त रुपमा खाता सञ्चालन गर्ने।

४. संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने।

घ) संस्थाका सदस्यको काम, कर्तव्य र अधिकार

१. नगरपालिका वा वडा कार्यालयसंग भएको साझेदारीपत्रमा उल्लेखित सर्तअनुसार गर्नुपर्ने कामहरु गर्ने।

२. संस्थाको हिसाब ंिकताब जाँच गर्ने।

३. संस्थाका पदाधिकारीहरुले गरेका कामको मूल्याङ्कन नियमित रुपमा गर्ने ।
४. आवश्यकता अनुसार संस्था सञ्चालनका लागि नीति, नियम र योजनाहरु बनाइ बैठकमा पेश गर्ने ।
५. आवश्यकता अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षहरुलाई सहयोग गर्ने ।
६. तोकिएका अन्य कार्यहरु गर्ने ।

१२. आर्थिक व्यवस्थापनः संस्थाको आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछ
क) टोल विकास संस्थाको आम्दानी
१. टोल सदस्यहरुबाट प्राप्त सदस्यता शुल्क
२. विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता र अनुदान ।
३. टोल विकास संस्थाले आयमूलक कार्यहरु सञ्चालन गरी प्राप्त हुने आम्दानी ।
४. संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रुपमा टोल विकास संस्थाको आम्दानीको निश्चित प्रतिशत संस्थाको निर्णयनुसार छुटयाउने रकम ।
५. संस्थाले अन्य स्रोतबाट जम्मा गरेको रकम ।
ख) टोल विकास संस्थाको खर्च
१. संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रकम संस्थाको निर्णयानुसार खर्च हुनेछ ।
२. संस्थाका खर्चहरु टोल विकास संस्थाको निर्णयानुसार खर्च हुनेछ ।
ग) टोल विकास संस्थाको नाफा
१. टोल विकास संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको नाफा मानिनेछ ।
२. नाफा संस्थाको निर्णय अनुसार टोलको विकासका लागि खर्च गरिनेछ ।
घ) टोल विकास संस्थाको लेखा
अ) कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, संस्थाको सञ्चालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको स्पष्ट लेखा राख्नुपर्दछ ।
आ) कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब टोल विकास संस्थाको बैठकमा पेश गर्नुपर्दछ ।
ङ) टोल विकास संस्थाको खाता खोल्ने र सञ्चालन ः संस्थाको खाता नगरपालिकाको सिफारिसमा नगरपालिका स्थित वाणिज्य बैंक सरहको बैकमा खोल्नु पर्नेछ र सो खाताको सञ्चालन संस्थाको अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ ।
च) टोल विकास संस्थाको लेखापरीक्षणः

१ संस्थाले नियुक्त गरेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ ।
२ आवश्यकता अनुसार नगरपालिकाले पनि संस्थाको आम्दानी खर्चको लेखापरीक्षण गर्न सक्नेछ
३ संस्थाले आफनो वार्षिक लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित वडा कार्यालयमा समेत पेश गर्नु पर्नेछ ।
१३. टोल विकास संस्थाको अनुगमन तथा मूल्याङ्कन ः टोल विकास संस्थाको अनुगमन तथा मूल्याङ्कन वडा समिति र नगरपालिकाले गर्नेछ ।
१४. विविध
क. यो कार्यविधि प्रचलित नेपालको ऐन कानूनहरुसँग बाझिएमा बाझिएका बुँदाहरु स्वतः खारेज हुनेछन्।
ख. यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा अड्चन आएमा सोको नगर कार्यपालिकाको निर्णयानुसार बाधा अडकाउ फुकाउ हुनेछ ।

मुसिकोट राजपत्र

अनुसूची– १
(कार्यविधिको बुँदा नं.८(१) बमोजिम)
संस्था सूचीकृत हुन निवेदनको नमूना
मिति ः.......................
श्री मुसिकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय

मुसिकोट, गुल्मी
विषय ः टोल विकास संस्था दर्ता। सूचीकृत गर्ने सम्बन्धमा ।
उपयूक्त सम्बन्धमा यस मुसिकोट नगरपालिकाको वडा नं.......... मा देहाय बमोजिमको चारकिल्ला भित्रको क्षेत्रमा बसोबास गर्ने हामी टोलबासीहरु मिति ...............................को भेलाले गठन गरेको ............................................. टोल विकास संस्थालाई यस नगर पालिकाको कार्यालयमा दर्ता÷सूचीकृत गरिदिनु हुनको निमित्त यस टोल विकास संस्थामा आवद्ध टोल सदस्यहरु र कार्यसमितिका पदाधिकारीको नामावलीसहित भेलाको निर्णयको प्रतिलिपी यसैसाथ संलग्न राखी सहित यो निवेदन पेश गरेकोछु ।
टोल विकासको चार किल्ला(सिमाना)
पूर्व सिमाना ः....................................
पश्चिम सिमाना ः ...............................
उत्तर सिमाना ः.................................
दक्षिण सिमाना ः.................................

सिफारिस गनर्को े दस्तखत ........................
वडा कार्यालयको छाप .........
वडाध्यक्षको नामथर ............................
..नं.वडा कार्यालय, मुसिकोट ...........

निवेदक दस्तखत ......................
अध्यक्ष नामथरः .......................
टोल विकास संस्थाको नामः ..............

मुसिकोट राजपत्र

अनुसूची– २
(कार्यविधिको बुँदा नं.८(२) बमोजिम)
संस्था दर्ता।सूचीकृत भएको नमूना
मिति ः.......................

श्री ......................................टोल विकास संस्था ,मुसिकोट न.पा......
विषय ः टोल विकास संस्था दर्ता।सूचीकृत गरिएको सम्बन्धमा ।
उपर्युक्त सम्बन्धमा मुसिकोट नगरपालिका कार्यालयको मिति .......................................को निर्णयानुसार ..............................................

टोल विकास संस्थालाई मुसिकोट नगरपालिकामा दर्ताः/सूचीकृत गरिएको व्यहोरा जानकारी गराईन्छ ।
मुसिकोट नगरपालिको टोल विकास संस्था सञ्चालन कार्यविधि २०७६ को अधिनमा रही टोलको सञ्चालन र व्यवस्थान गर्न समेत अनुरोध छ ।

बोधार्थ श्री ... नम्बर वडा कार्यालय मुसिकोट , गुल्मी

प्रमाणपत्र जारी गर्ने
नामः
पदः
मिति

**आज्ञाले,**
**नवराज भण्डारी**

**प्रमुख प्रशासकीय अधिकृत**

**मूल्यरू १०**

मुसिकोट राजपत्र